"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"
टोल फ्रि नं. १६६००१०००३२
फोन नं. ०१-४३७२७२५
बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हात्तीगौंडा काठमाडौं
बागमती प्रदेश, नेपाल

सूचना नं. ६१

मिति: २०७७।१२।११

# सूचना

महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सिहंदरबार, काठमाडौं को मिति २०७७ चैत ३ गते गोरखापत्रमा प्रकाशित सूचना बमोजिम मन्त्रालयको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत प्रत्येक प्रदेशबाट एक महिला उद्यमी समुह र बीस जना महिला उद्यमीहरुलाई टेवा पूँजी र प्रविधि सहयोग उपलब्ध गराउने कार्यक्रम रहेकाले इच्छुक महिला उद्यमी र महिला उद्यमी समुहले देहायका कागजात सहित मिति २०७७ चैत १७ गते मङ्गलवार, कार्यालय समयभित्र यस नगरपालिकामा निवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ ।

विस्तृत जानकारीका लागि मिति २०७७ चैत ३ गतेको गोरखापत्रमा महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०७७ मन्त्रालयको वेबसाइट : www.mowcsc.gov.np बाट डाउनलोड गरि हेर्न सकिने व्यहोरा समेत अनुरोध छ । साथै बूढानीलकण्ठ नगरपालिकाले एक जना महिला उद्यमी र एक महिला उद्यमी समुह मात्र छनौट गर्नु पर्ने भएकोले सिफारिस गर्ने आधार महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा ७ बमोजिम हुनेछ ।

**निवेदन साथ संलग्न गुर्न पर्ने कागजात:**

क) उद्योग/व्यवसाय दर्ता वा नविकरणको प्रमाणपत्र,
ख) स्थायी लेखा नम्वर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,
ग) कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र,
घ) आवश्यक अनुसार व्यवसायीक इजाजत पत्र
ङ) व्यावसायीक योजना,
च) माग गरेको प्रविधि र सो प्रविधिको क्षमता सहितको विवरण ।

रोशनी श्रेष्ठ
अधिकृत